आज मिति २०७६ साल चैत्र १८ गते मंगलबारका दिन बिहान ११:०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको आकस्मिक बैठक नगर प्रमुख श्री किसान गुरुङ्गको अध्यक्ष्यतामा बसी तपसील बमोजिमका प्रस्तावहरु माथि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

श्री किसान गुरुङ्ग, नगर प्रमुख, अध्यक्ष(नगर कार्यपालिका)

श्री सबिता रसाईली, नगर उपप्रमुख, सदस्य(नगर कार्यपालिका)

श्री रवि चन्द्र पौडेल, सदस्य(नगर कार्यपालिका)

श्री जगत बहादुर गुरुङ्ग, सदस्य(नगर कार्यपालिका)

श्री राम कुमार श्रेष्ठ, सदस्य(नगर कार्यपालिका)

श्री शिब कुमार श्रेष्ठ, सदस्य(नगर कार्यपालिका)

श्री दिर्घ बहादुर थापा, सदस्य(नगर कार्यपालिका)

श्री कृष्ण बहादुर पौडेल, सदस्य(नगर कार्यपालिका)

श्री राम बहादुर क्षेत्री थापा, सदस्य(नगर कार्यपालिका)

श्री कृष्ण प्रसाद रेग्मी, सदस्य(नगर कार्यपालिका)

श्री लोक नारायण श्रेष्ठ, सदस्य(नगर कार्यपालिका)

श्री रामचन्द्र भण्डारी, सदस्य(नगर कार्यपालिका)

श्री दल बहादुर थापा, सदस्य(नगर कार्यपालिका)

श्री मनराज गुरुङ्गप, सदस्य(नगर कार्यपालिका)

श्री दानु अधिकारी सापकोटा, सदस्य(नगर कार्यपालिका)

श्री गिता महत, सदस्य(नगर कार्यपालिका)

श्री विष्णुमाया ढकाल लम्साल, सदस्य(नगर कार्यपालिका)

श्री रिता कुमारी भुजेल, सदस्य(नगर कार्यपालिका)

श्री सानुमाया महत, सदस्य(नगर कार्यपालिका)

श्री कुल बहादुर भुजेल, सदस्य(नगर कार्यपालिका)

श्री खिम बहादुर कुमाल, सदस्य(नगर कार्यपालिका)

श्री भरत लामगादे, सदस्य(नगर कार्यपालिका)

श्री गंगालाल सुवेदी, प्र.प्र अधिकृत एवम् सचिव(नगर कार्यपालिका)

Scanned with CamScanner

अन्य उपस्थिति :

श्री नवराज चापागाई, शिक्षा शाखा प्रमुख

श्री लक्ष्मण लम्साल, प्रशासन शाखा प्रमुख

श्री कोपिला पौडेल भट्टराई , आर्थिक प्रशासन शाखा प्रमुख

श्री अजय श्रीवास्तव,स्वास्थ्य शाखा प्रमुख

श्री त्रिलोचन लम्साल,सुचना प्रविधि शाखा प्रमुख

श्री नवराज गौतम, हे.अ.

श्री जगदिश रेग्मी, प्रहरी निरीक्षक, ई.प्र.का. बेलच्यौतारा।

Scanned with CamScanner

**निर्णय नं. १ :**

नगरक्षेत्रभित्रका दैनिक ज्यालादारीमा कार्य गर्ने मजदुर र विपन्न परिवारलाई देहाय बमोजिम एकमुष्ट राहत प्याकेज वितरण गर्ने, :

| न्युनतम जनसंख्या | राहत प्याकेज |
|---|---|
| २ जनासम्म | १५ के.जी. चामल(स्टीम राईस), २ के.जी. दाल(रातो), २ लि. तेल(सनफ्लावर), नुन २ के.जी., साबुन १ वटा(डिटोल) |
| ३ र ४ जना | २० के.जी. चामल(स्टीम राईस), ३ के.जी. दाल(रातो), २ लि. तेल(सनफ्लावर), नुन २ के.जी., साबुन १ वटा(डिटोल) |
| ५ जना वा सो भन्दा माथि | २५ के.जी. चामल(स्टीम राईस), ३ के.जी. दाल(रातो), २ लि. तेल(सनफ्लावर), नुन २ के.जी., साबुन १ वटा(डिटोल) |

–यसरी राहत प्याकेज वितरण गर्दा सम्बन्धित वडा कार्यालयले पठाएको मजदुर र विपन्न नागरिकहरुको एकमुष्ठ तथ्यांकको आधारमा वितरण गरिनेछ,

–हाल प्राप्त लाभग्राहीको सुचीलाई पून: एकपटक वडा समितिले रुजु गरी वास्तविक विपन्न र मजदुर गर्नेले प्राप्त गर्ने गरी राहत प्याकेज वितरण गर्ने र प्राप्त गर्नेको भर्पाई समेत तयार गर्नुपर्ने,

–सो बमोजिम राहत प्याकेज प्राप्त गर्ने लाभग्राही घरमुलीहरुको अनिवार्य रुपमा विवरण खुल्ने गरी तथ्यांक सार्वजनिक गर्ने,

–राहत प्याकेज वितरण गर्दा यस अघि कुनै संघसंस्था वा व्यक्तिबाट राहत लिईसकेको सोको दोहोरोपना हुनु नहुने,

**निर्णय नं. २ :**

यहि मिति २०७६ साल चैत्र १९ गतेदेखि नगरपालिकाको पुर्वी सिमानामा पर्ने प्रवेशद्धार (वडा नं. ७ को शेराटार) हुदै भित्रिने नगरपालिकाका बासिन्दालाई पहिचान गर्न ईलाका प्रहरी कार्यालयको समन्वयमा हेल्प डेस्कको व्यवस्था गर्ने, सो क्रममा भारतबाट आएका नागरिकलाई पहिचान गरी अनिवार्य रुपमा क्वारेन्टाईनमा बस्ने प्रबन्ध गर्न देहायका विद्यालयमा आवश्यकता अनुसार नेपाल सरकारले निर्धारण गरेको मापदण्डमा रही क्वारेन्टाईनको व्यवस्था गर्ने :

देहाय :

१. श्री जनकल्याण मा.वि., बेलचौतारा
२. श्री गाउफर्कोदय मा.वि, ढोरफिर्दी,
३. श्री पञ्चमुनिदेव मा.वि, दुलेगौडा,

प्रमुख प्रशासकीय अधिकृत

सविता रानाहितो
उप-प्रमुख

प्रमुख

Scanned with CamScanner

४. श्री खैरेनी मा.वि., खैरेनीटार ।

**निर्णय नं. ३**

राहत वितरण गरिने सामग्रीको खरिद तथा व्यवस्थापनका लागि देहायको राहत व्यवस्थापन तथा अनुगमन समिति गठन गर्ने, समितिले राहत व्यवस्थापन तथा सम्पूर्ण क्रियाकलाप सम्वन्धी निगरानी गर्ने र सो समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछः

| | |
|---|---|
| नगर प्रमुख – | अध्यक्ष |
| नगर उपप्रमुख – | सदस्य |
| विपद तथा वातावरण व्यवस्थापन समिति संयोजक – | सदस्य |
| ईलाका प्रहरी कार्यालय वेलचौतारा प्रमुख – | सदस्य |
| उद्योग वाणिज्य संघका प्रतिनिधि – २ जना, – | सदस्य |
| नेपाल रेडक्रस, दुलेगौडा उपशाखा – | सदस्य |
| नागरिक समाज प्रतिनिधि – | सदस्य |
| प्रेस सल्लाहकार – | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत – | सदस्य सचिव |

**निर्णय नं. ४ :**

नगरपालिकाको चालु आ.व. ०७६/७७ मा पसल कवल भाडामा लिई व्यवसाय सञ्चालन गर्ने व्यवसायीहरुको २०७६ साल चैत्र महिनाको सम्पुर्ण सटरहरुको मासिक भाडा छुट गर्ने ।

**निर्णय नं. ५ :**

कोरोना भाईरस(कोभीड १९) को नियन्त्रण तथा रोकथामका लागि आवश्यक परेको खण्डमा खैरेनीटार अवस्थित नं. ३ वाहिनी अड्डा, नं. ३ राजदल गणसंग समेत सहयोग तथा समन्वयका लागि अनुरोध गर्ने ।

**निर्णय नं. ६ :**

हाललाई राहत लगायतका सामग्रीहरुको व्यवस्थापनका लागि रु ६० लाख बजेट पदाधिकारी पारिश्रमिकवाट रु ४३ लाख सवारी साधन खरिद शिर्षकवाट रु १७ लाख रकमान्तर गरी विनियोजन गर्ने । यस विशेष परिस्थितिमा खरिद गर्न विपदको समय भएको र तुरुन्त सामाग्री प्राप्ती गर्नपर्ने हुदा कोटेशन मार्फत आवश्यक सामानहरु स्थानीय वजारमा उपलब्ध भएकोमा खरिद गर्ने र उपलब्ध नहुने

प्रमुख प्रशासकीय अधिकृत

सविता राजिहिंग
उप-प्रमुख

प्रमुख

Scanned with CamScanner

देखिएमा उपयुक्त बजारबाट खरिद गर्ने, राहत प्याकेज तयारी, प्याकेजिङ, ढुवानीको लागत समेत सोही कोषबाट बेहोर्ने ।

**निर्णय नं. ७ :**

यस नगरपालिकाभित्र कुनै पनि प्रकारको राहत सामग्री वितरण गर्न चाहने व्यक्ति तथा संघ संस्थाले यस नगरपालिकासंग समन्वय गरेर मात्र राहत सामग्री वितरण गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. ८ :**

यस विपदको घडीमा आर्थिक सहयोग गर्न चाहने कुनै पनि संघ, संस्था एवम् व्यक्तिले शुक्लागण्डकी नगरपालिकाको एन.आई.सी. एसिया बैंक, दुलेगौडा शाखाको प्रकोप व्यवस्थापन कोषको खातामा सहायता रकम जम्मा गर्न अनुरोध गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

उप-प्रमुख

प्रमुख

Scanned with CamScanner